जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुनसक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २७ • अंक २१ • २०८२ साल जेठ २७ गते मंगलबार (10 June, Tuesday, 2025) • पृष्ठ ४ • मूल्य रु. ५।-

## चारजना सांसदको संशोधन प्रस्ताव दर्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभामा प्रस्तुत गरिएको नीति तथा कार्यक्रममाथि छलफल शुरु भएको छ ।

गएको शुक्रबार प्रदेशसभामा प्रदेश प्रमुख सुमित्रा भण्डारीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि सोमबार चार जना सांसदले संशोधन प्रस्ताव दर्ता गराएका छन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रमुख सचेतक रामआशिष यादव, जसपा नेपालकै अर्का सांसद संजय यादव, किरण कुमारी र नेकपा माओवादी केन्द्रको तर्फबाट मालाकुमारी कर्णले संशोधन प्रस्ताव दर्ता गराएका छन् ।

उनीहरुले नीति तथा कार्यक्रममा मधेश आन्दोलन र जनयुद्धको जिकिर नगरेकाले त्यसलाई थप्नुपर्ने, मधेश आन्दोलनका शहीद परिवारले पहिला पाएको सुविधालाई निरन्तरता दिँदै नयाँ पनि थप्नुपर्ने र अपांगता व्यक्तिलाई रोजगारी लगायतको व्यवस्था गर्नुपर्ने माग गर्दै संशोधन प्रस्ताव दर्ता गराएका छन् ।

पहिचानमा स्थापित मधेश प्रदेश तथा स्थानीय तहमा बहुसंख्यकको मातृभाषा मैथिली, भोजपुरी, बज्जिकाको संरक्षण, संवर्द्धन तथा विकासको कुरा थप्नुपर्ने, कमला पुल निर्माणको कुरा थप्नुपर्ने संशोधनकर्ता प्रदेश सांसदहरुले प्रस्ताव राखेका छन् ।

### शालिग्राम सिंहका गैरकानुनी कारोबार

# पतञ्जलीले उजागर गरेका थप ५ प्रकरणमा अख्तियारले थाल्यो अनुसन्धान

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पतञ्जलीका नेपाल प्रमुख शालिग्राम सिंहका गैरकानुनी कारोबारहरूको फेहरिस्त तयार गरी उनीमाथि गम्भीर रुपमा अनुसन्धान गर्ने भएको छ । आयोगले सिंहबारे थप अनुसन्धानका लागि बेग्लै अधिकृतसमेत तोकिसकेको जनाइएको छ ।



बृहत्तर जनकपुर विकास क्षेत्र परिषद्का पूर्वअध्यक्षसमेत रहेका सिंहले पतञ्जलीका नाममा काठमाण्डुको उपत्यका, काभ्रेपलाञ्चोक, स्याङ्जा, पाँचथरलगायत देशको विभिन्न स्थानमा हदभन्दा बढी जग्गा खरिद गरेको अख्तियारको अनुसन्धानबाट खुलेको छ । अख्तियारले जनाए अनुसार पतञ्जलीका नाममा हदभन्दा बढी जग्गा किनेर कतै निजी प्रयोगमा लगाइएको छ भने कतै विभिन्न व्यक्ति र कम्पनीको नाममा हस्तान्तरण गरिसकिएको छ ।

आरोपित सिंहले आफ्नै नाममा पनि विभिन्न कम्पनीहरू स्थापना गरी ती कम्पनीका नाममा हदभन्दा बढी जग्गा खरिद गरी कारोबार गरेको फेला परेको छ ।

'भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७ ले तोकेको हदभन्दा बढी जग्गा गैरकानुनी तरिकाले बदनियत राखी पतञ्जली योगपीठका सञ्चालक सिंहले खरिद गरे गराएको उक्त जग्गा सोही ऐनको दफा १० को प्रतिकूल भइ उक्त हदभन्दा बढी जग्गा जफत तथा सरकारी सार्वजनिक कायम हुने प्रकृतिको सम्पत्ति देखिन्छ,' अख्तियारको निर्णयमा लेखिएको छ, 'उक्त सम्पत्ति निजी प्रयोग प्रचलनमा रहे भएको देखिएको हुँदा सो सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुरजन्य कार्यतर्फ अनुसन्धान गर्न छुट्टै अनुसन्धान अधिकृत तोक्ने' भनिएको छ ।

सो निर्णयसँगै शालिग्राम सिंहसँगै उनका गैरकानुनी क्रियाकलापमा साथ दिने सरकारी कर्मचारी तथा बिचौलियाहरूमाथि पनि अनुसन्धान हुने भएको छ । उनी नै ग्राण्ड डिजाइनर भएकैले तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाललाई समेत उनले डुबाएका छन् ।

सो कार्यमा शालिग्राम सिंहसंगै अक्कलबहादुर कुँवर, प्रदीप लामा र दामोदर भण्डारी नामका व्यक्तिहरू संलग्न रहेको अनुसन्धानबाट खुलेको छ। 'उक्त कसुरजन्य कार्यमा संलग्न राष्ट्रसेवक लगायतका अन्य व्यक्तिहरूको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुरजन्य कार्यतर्फ अनुसन्धान गर्न छुट्टै अनुसन्धान अधिकृत तोक्ने निर्णय भएको' र थप विवरण खुल्ने क्रममै रहेको अख्तियारले जनाएको छ ।

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालले काभ्रेमा गैरकानुनी रूपमा हदबन्दीभन्दा बढी जग्गा खरिद गरी मन्त्रिपरिषद्बाट पछि छुट लिएको र तत्कालै फरक प्रयोजनमा हुने गरी बेचबिखनसमेत गरेको पाइएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिसकेको छ । ९३ जनाविरूद्ध दायर गरिएको यस मुद्दाका अभियुक्त माधवकुमार नेपाल भ्रष्टाचार अभियोग खेप्ने अहिलेसम्मकै उच्च पदाधिकारी मानिएको छ । उनी पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादीका बहालवाला अध्यक्ष हुन्। उनी प्रतिनिधि सभामा १० सांसद रहेको दलका नेता पनि छन् ।

अख्तियारका अनुसार पतञ्जली प्रकरणमा यो त एउटा मुद्दा मात्र रहेको छ। यस्ता अरू पनि कैयन् मुद्दाका लागि यस प्रकरणको अनुसन्धानबाट थप सुराक मिलेको छ। कम्तीमा ५ वटा अरू मुद्दा अनुसन्धानका लागि अख्तियारले नै अनुसन्धान अधिकृत तोक्ने निर्णय गरिसकेको छ ।

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालले बैंक तथा वित्तीय संस्थामा गैरकानुनी तरिकाले विप्रेषमार्फत अर्बौं रकम प्राप्त गरे गराएको विषयमा थप अनुसन्धान गर्न अख्तियारले नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो, लाजिम्पाटमा लेखी पठाउने निर्णय पनि गरेको छ।

नेपाल ग्रामोद्योगले धनुषा जिल्लामा गैरकानुनी रूपमा २५ विघाभन्दा बढी जग्गा खरिद गरेको भेटिएको छ। सो कम्पनीले भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७ ले तोकेको हदभन्दा बढी रहेको र गैरकानुनी तरिकाले बदनियत राखी खरिद गरेको देखिएकोले त्यो जग्गा सरकारी सार्वजनिक हुने अख्तियारले जनाएको छ।

यसरी गैरकानुनी रूपमा कम्पनीका नाममा हदबन्दीभन्दा बढी जग्गा राख्न दिने कर्मचारी तथा अन्य व्यक्तिको मिलेमतोबारे अख्तियारले अनुसन्धान गरी मुद्दा चलाउने तयारी पनि अघि बढाएको छ।

उक्त जफत तथा सरकारी सार्वजनिक कायम हुने सम्पत्ति निजी प्रयोग प्रचलनमा रहेको देखिएकाले भ्रष्टाचार कसुरअन्तर्गत अनुसन्धान गर्न छुट्टै अनुसन्धान अधिकृत तोकेर अख्तियारले विस्तृत छानबिन गरिरहेको छ।

माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषद् अन्तर्गत विधेयक समितिले २०६६ माघ १८ गते पतञ्जली योगपीठलाई हदबन्दीभन्दा बढीको जग्गा राख्न छुट दिने निर्णय गरेको थियो । साही निर्णयका कारण तत्कालीन कानुनमन्त्री प्रेमबहादुर सिंहले भ्रष्टाचार मुद्दा खेप्नुपरेको छ।


सोही समितिका सदस्य रहेका र बैठकमा उपस्थित पनि भएका ६ जना मन्त्रीले भने उन्मुक्ति पाएका छन् । उन्मुक्ति पाउनेमा तत्कालीन संघीय मामिला मन्त्री मीनेन्द्र रिजाल, भूमिसुधार मन्त्री डम्बर श्रेष्ठ, उद्योगमन्त्री महेन्द्रप्रसाद यादव, कृषिमन्त्री मृगेन्द्रकुमार सिंह यादव, शान्तिमन्त्री रकम चेम्जोङ र भूमिसुधार राज्यमन्त्री मानबहादुर शाही छन्।

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE




विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठूलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite


जल तथा मौसम विज्ञान विभागले तापक्रम बढेसँगै तराईका जिल्लाहरुमा तातोहावा लु चल्न सक्ने सम्भावना रहेको र यसले स्वास्थ्यमा असर पार्न सक्ने भएकाले सचेत रही सुरक्षाका उपायहरु अपनाउन अनुरोध गर्दछौं ।


तातोहावा लु बारे बुझौं र बच्न सुरक्षाका उपायहरु अपनाऔं ।

तातो हावा तथा लु लाग्दाका असरहरु
- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने



गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं। उल्लेखित असरहरु देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं।

पिपरा गाउँपालिका
पिपरा, महोत्तरी, मधेश प्रदेश



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कोरोनाबाट सावधान

नेपालबाट सर्वाधिक आउजाउ हुने छिमेकी भारतमा कोरोना भाइरस फैलिन थालेको छ । केही दिनमै ५८ जनाको मृत्यु भएको छ । हजारौँ मानिस संक्रमित भएका छन् । ६ हजार १ सय ३३ पुगेको छ । तीमध्ये सबैभन्दा धेरै झण्डै २ हजार केसहरू केरलामा छन् । स्वास्थ्य विभागका अनुसार, पछिल्लो ९ दिनमा मात्र झण्डै साढे ३ हजार नयाँ संक्रमित थपिएका छन् । मई ३० सम्म सक्रिय केस २ हजार ७ सय १० मात्र थियो । कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ७ थियो । सरकारी तथ्यांकहरुका अनुसार हाल प्रतिदिन औसत करिब ४ सय नयाँ संक्रमित रिपोर्ट भइरहेका छन् । दिनहुँ ५-६ जनाको मृत्यु भइरहेको छ । स्वास्थ्य संस्थाहरुका अनुसार शनिबार मात्रै केरलामा ३, कर्नाटकमा २ र तमिलनाडुमा १ जनाको मृत्यु भएको पुष्टि गरिएको छ । भारतमा ४ नयाँ भेरियन्टहरू फेला परेका छन् । आइसीएमआरका निर्देशक डा. राजीव बहलले दक्षिण र पश्चिम भारतबाट क्रमबद्ध गरिएका भेरियन्टहरू एलएफ.७, एक्सएफजी, जेएन.१ र एनबी.१.८.१ श्रृंखलाका हुन् । यद्यपि डाक्टरहरुले केसहरू धेरै गम्भीर नरहेको बताउँदै मानिसहरूलाई चिन्ता नगर्न तर सावधानी अपनाउन आग्रह गरेका छन् । विश्व स्वास्थ्य संगठनले पनि तिनीहरूलाई चिन्ताको विषय मानेको छैन । यद्यपि, तिनीहरूलाई निगरानीमा रहेका भेरियन्टहरूको रूपमा वर्गीकृत गरिएको छ । चीन लगायत अन्य एसियाली देशहरूमा कोभिडको बढ्दो केसहरूमा यो भेरियन्ट देखिँदैछ । एनबी.१.८.१ को ए ४३५ एस, भी ४४५ एच र टी ४७८ आइ जस्ता स्पाइक प्रोटिन उत्परिवर्तनहरू अन्य भेरियन्टहरू भन्दा छिटो फैलिन्छन् । तिनीहरू कोभिडविरुद्ध निर्मित प्रतिरोधात्मक क्षमताबाट पनि प्रभावित हुँदैनन् । कोभिडको जेएन.१ भेरियन्ट भारतमा सबैभन्दा सामान्य छ । यो भेरियन्ट परीक्षण गरिएका आधाभन्दा बढी नमूनाहरूमा पाइन्छ । योसँगै, बीए.२ (२६ प्रतिशत) र ओमिक्रोन सबलाइनेज (२० प्रतिशत) भेरियन्टका केसहरू पनि भेटिएका छन् । त्यसकारण सर्वसधारण समेतलाई कोभिडबाट जोगिन सतर्कता अपाउन आग्रह गरिएको छ । नेपालसित सीमा जोडिएको र अहिले भारतीय धार्मिक पर्यटकहरु 'यात्रा'मा भारी संख्यामा नेपाल आइरहेका छन् । कोरोना भाइरस संक्रमितहरुको संगतमा रहनेहरु भाइरस सार्ने प्रमुख कारक हुने भएकाले उच्च सतर्कता अपनाउन आवश्यक छ । नेपाली सीमा जोडिएको भारतको बिहार राज्यमा पनि कोरोना भाइरस संक्रमितहरु देखिन थालेका छन् । अहिले दक्षिण भारतमा कोरोना संक्रमितको संख्या उच्च दरमा बढिरहेको छ । त्यो भारतको अन्य राज्यहरुमा समेत फैलिरहेकाले नेपालमा सतर्कता अपनाउन आवश्यक भइसकेको छ ।

# भ्रष्टाचारबाट मुक्ति : सैद्धान्ति विवेचना



**रोशन जनकपुरी**

गत हप्ता पतञ्जली नेपालको जग्गा सट्टापट्टा प्रकरणमा भ्रष्टाचार प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल विरुद्ध मुद्दा दायर गर्नु र उनको सांसद पद निलम्बित भएको खबरले सनसनी फैलायो । अर्कोतर्फ भिजिट भिसाको आवरणमा मानव तस्करी र ठगी प्रकरणमा मुछिएका गृहमन्त्री रमेश लेखकको राजीनामा माँगेर माओवादी केन्द्र लगायतका प्रतिपक्षी दलहरुले गत हप्ता देखि नै संसद अवरुद्ध गरेपछि ओली सरकारको संकट बढदै गएको छ । यसै बिच टेलिकमको बिलिङ्ग प्रणालीको ठेक्कामा साढे ३३ करोड भ्रष्टाचार प्रकरणमा नेपाल टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडी सहित ठेकेदार र कर्मचारी लगायत १८ जना विरुद्ध मुद्दा दायर भएपछि थप सनसनी भएको छ । यसले के देखिन्छ भने विगतको बहुदलिय व्यवस्था जस्तै वर्तमान गणतन्त्रमा पनि भ्रष्टाचार नियमित तत्व झैँ कायम छ ।

वस्तुतः वर्तमान गणतन्त्रको शासकीय संरचना र व्यवस्थापनमा आमूलचूल परिवर्तन नगरेसम्म भ्रष्टाचारलाई रोक्न सकिँदैन । नेपाली राजनीतिको समस्या के हो भने भ्रष्टाचारलाई वर्तमान राजनीतिक संरचनामा स्वाभाविक तत्व झैँ मानिन्छ । यहाँसम्म कि समाजवादको विमर्श गर्दापनि भ्रष्टाचारलाई निर्मूल होइन, नियन्त्रण र नियमन गर्नुमा मात्र सीमित अपेक्षा राखिन्छ, मानौँ भ्रष्टाचार सामाजिक विकासको स्वाभाविक चरित्र हो । तर यथार्थ के हो भने भ्रष्टाचार पूँजीवादले जन्माएको विकृत आर्थिक सामाजिक रोग हो । सुनियोजित समाजवादी राजनीतिक, आर्थिक र व्यवस्थापकीय कार्यप्रणाली निरन्तर लागू गरेमा भ्रष्टाचार नामक यस आर्थिक सामाजिक रोगबाट मुक्ति पाउन सकिन्छ । यसको निम्ति तत्काल निजीपूँजीलाई समाजवादी उद्देश्य अनुरुप नियमन र नियन्त्रण गर्ने तथा दीर्घकालीन रुपमा सामाजिक र सामूहिक सम्पत्तिको विकासको निम्ति निजीपूँजीको विकासको स्रोतहरुलाई निषेध गर्दै जाने नीति अवलम्बन गरिनु पर्छ ।

वर्तमान सत्ताको नीति अन्तर्विरोधी र विडम्बनायुक्त छ । वर्तमान सत्ता सञ्चालकहरुले एकातिर समाजवादको नारा दिन्छन् र अर्कोतिर निजीपूँजीको विकासको निम्ति पूँजीपतिहरुलाई प्रोत्साहित गर्छन् र उनीहरुको अकूत नाफाको निम्ति कानूनहरु खुकुलो बनाउँछन् । यसबाट के बुझिन्छ भने राज्यसत्ताले जतिसुकै समाजवादको नारा फलाकेपनि उसको निहितार्थ नीजिपूँजीको भक्ति नै हो । र, भन्नु पर्दैन, नीजिपूँजीको वर्चस्व कायम भएपछि भ्रष्टाचारबाट मुक्ति त परको कुरा भयो, यसको नियमन र नियन्त्रण समेत सम्भव छैन । यद्यपि नेपाली राजनीतिमा जसरी सरकार र प्रतिपक्ष दुबै तर्फका सांसद र नेताहरु मुछिँदै छन्, त्यसले भ्रष्टाचारको विषयलाई एकपटक फेरी चर्चामा ल्याइदिएको छ ।

सामान्यतः जनमानसमा एउटा धारणा स्थापित छ कि सरकार, संसद समेतलाई प्रभावित गर्ने गरि अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा न्यायिक छानबीन आयोग आदिले भ्रष्टाचारमाथी अंकुश लगाउन सक्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बेलाबेलामा जसरी सक्रियता देखाउने गर्छ, त्यसले यो धारणा उचितपनि देखिन्छ । दोस्रो, विदेशमा सञ्चित कालो धनलाई देशमा फर्काएपछि देशमा समृद्धि ल्याउन सकिन्छ । र, तेस्रो, सच्चरित्र र ईमान्दार मानिसहरु निर्वाचित भएर संसदमा आए भने, र निर्वाचनको खर्चमाथी कडाईपूर्वक निगरानी गर्ने संरचना भयो भने राजनीतिक भ्रष्टाचार समाप्त गर्न वा अधिकतम् मात्रामा नियन्त्रण गर्न सकिन्छ ।

यी तीनवटै धारणाहरु नितान्त भ्रामक छन्, र यसले पूँजीवाद तथा हामीले वर्तमानमा प्रयोग गरिरहेको पूँजीवादी जनवाद (लोकतन्त्र)को वास्तविक चरित्रमाथी ढाकछोप गर्छ । सँगसँगै, अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता नियमनकारी निकायको गठन र विदेशबाट कालाधन फर्काउने सम्बन्धी प्रशासकीय परिवर्तन गरेर तथा केही राजनीतिक पाइला चालेर भ्रष्टाचारबाट मुक्त हुनसक्छ भन्ने भ्रम सृजना गर्छ । यसरी नै राजनीतिमा सच्चरित्र र ईमान्दार मानिसहरुको प्रवेशले भ्रष्टाचारबाट मुक्तिको भ्रमपूर्ण धारणालाई नैतिकता र शुचिताको प्रश्नको रुपमा प्रस्तुत गर्छन् । तर भ्रष्टाचारको प्रश्न शासन र प्रशासनको प्रणालीमा परिवर्तन तथा वैयक्तिक नैतिकता शुचिता अथवा आध्यात्मिक नैतिक प्रश्नपनि होइन । यो राजनीतिक अर्थशास्त्रसँग सम्बन्धित समाज विज्ञानको प्रश्न हो । त्यसैले भ्रष्टाचारबाट मुक्त हुन राजनीतिक अर्थशास्त्रसँग परिचित हुन आवश्यक छ । वस्तुतः भ्रष्टाचार र कालाधनको प्रश्न पूँजीवादको सिद्धान्त, संरचना र कार्यप्रणालीसँग गाँसिएको छ । वस्तुतः यो पूँजीवादको विरुद्ध समाजवादी सिद्धान्त, संरचना र कार्यप्रणालीको प्रश्न छ । समाजवाद अर्थात जनवादी अधिनायकत्व हुँदै सर्वहारावादी श्रमजीविहरुको वर्चस्वको राज्यव्यवस्था !




प्रारम्भिक पूँजीसञ्चय र निरन्तर नाफा वृद्धि हुने प्रक्रिया पूँजीवादको आधारभूत प्रक्रिया हो, र भ्रष्टाचार यी दुबैसँग गहिरोगरी गाँसिएको छ । यहाँ के बुझ्नु आवश्यक छ भने पूँजीवाद जस्तै भ्रष्टाचारपनि अब कुनै देश विशेष होइन, वैश्विक समस्या भैसकेको छ । प्रारम्भिक पूँजी सञ्चय भनेको पूँजीवादको जन्मकाल देखिको स्टक अर्थात परिसम्पत्ति (एसेट्स, आर्थिक संसाधन, भूमि, भवन, मशीनरी, नगद, निवेश, पेटेन्ट राइट, गुडविल आदि वित्तीय उत्पाद) र आम्दानी (फ्लोज) निरन्तर साना उत्पादकहरुको माध्यमबाट पूँजीपतिहरुसँग संकेन्द्रित हुनजान्छन् । अस्तित्वमा आएदेखि नै पूँजीवादले उपनिवेशहरुमा अकूत लूट मच्चायो र साना उत्पादकहरुलाई ध्वस्त गरेर पूँजी सञ्चय गऱ्यो । साना उत्पादकहरुको सम्पत्तिहरण, पूँजीवादी (हाम्रो सन्दर्भमा दलाल तथा नोकरशाह पूँजी) राजकीय स्वामित्वका उपक्रमहरुलाई सस्ता मूल्यमा कब्जा गर्ने र अकूत नाफा कमाउने उद्देश्यले उद्योग र व्यवसाय संचालन गर्न खनिज, जल, जंगल लगायत प्राकृतिक सम्पदाहरुमा कब्जा गर्ने प्रक्रिया आजपनि निरन्तर जारी छ । यस समग्र प्रक्रियामा राज्यसत्ता पूँजीवादी एजेन्टको रुपमा देखिन्छ, भने श्रम सबैभन्दा सस्तो माल हुन्छ र श्रमजीवि वर्ग तथा जनसाधारण सबैभन्दा निरीह अवस्थामा हुने गर्छन् । विगत पाँचसय वर्षमा विश्व पूँजीवाद तथा पूँजीवादी राजनीतिक संरचनाको विकास, उपनिवेश तथा गरिब देशहरुको सम्पदाको लूट, दासहरुको व्यापार तथा पूँजीवादको बढदो वर्चस्वसँगै राजनीतिक भ्रष्टाचारको बढदो विकासको इतिहासको अध्ययन गर्ने हो भने यसलाई सहजै अनुभूत गर्न सकिन्छ ।

नेपालमा गणतन्त्रको स्थापना पछि विगतको राजनीतिक भ्रष्टाचारको परम्पराबाट मुक्ति तथा नेपाली जनताले जनवादी राज्यव्यवस्थाको अपेक्षा गरेका थिए । तर परिणामहरुले के देखाएको छ भने यसले देशी विदेशी पूँजीपतिवर्गलाई राजनीतिक सत्ताको आधार भूत ढाँचालाई प्रयोग गर्न वैध र अवैध दुबै किसिमले अकूत पूँजी जम्मा गर्ने राजनीतिक स्वतन्त्रता दिएको छ । यसले देशमा सर्वतोमुखी वर्चस्वमा देखिने दलाल तथा नोकरशाही पूँजीपतिवर्गलाई राजनीतिक सत्तामा स्थापित गराएको छ, जस्ले समाजवादको नारा लगाउँदै जनताको रगत र पसीनाको मूल्यको एक एक पैसा निचोरेर निजी क्षेत्रलाई समृद्ध पारी रहेको छ । कतिसम्म भने जनताको रगत, पसिना र करबाट चल्ने तथा राज्यको अनिवार्य दायित्वभित्र पर्ने शिक्षा, स्वास्थ्य, विद्युत, यातायात, जस्ता जनसरोकारको सार्वजनिक क्षेत्रपनि वैध र अवैध, दुबै तरिकाले निजी क्षेत्र अर्थात पूँजीपतिको हातमा एकपछि अर्को सुम्पिँदै गएको छ । यस गरिब देशको नेता र नोकरशाहहरु तिव्रगतिमा नवधनाढ्यवर्गमा परिणत हुँदैजानुको रहस्य उनीहरु सम्म पुग्ने यस्तै कमीशन र घूसले बनेको सेतो र कालोधन हो । यो बेहिसाब धन नै हो, जसलाई कालोबाट सेतो पार्न तथा पूँजीपति वर्गलाई झनूभन्दा झन् धनी तुल्याउन वैध र अवैध राजनीतिक भ्रष्टाचार हुने गर्छ । यो बेहिसाब अर्थात् सरकारी हिसाबमा नपर्ने अनैतिक धन नै हो, जो अनेक तिकडम गरेर वैध उद्योग र वित्तीय उद्यमहरु, शेयर बजार, सिनेमा र संगीत आदि टिभी रियलिटी सो, सौन्दर्य प्रतियोगिता जस्ता मनोरञ्जन व्यवसाय, क्रिकेट र फुटबल जस्ता खेल व्यवसाय, विज्ञापन व्यवसाय आदिमा लगानी गरिन्छ ।

किनभने पूँजीको चरित्र वैश्विक छ, त्यसैले पूँजीको बजार र व्यवसायपनि वैश्विक छ । आइपीएल, एनपीएल जस्ता खेलहरुमा अन्तर्राष्ट्रिय खेलाडी तथा अन्तर्राष्ट्रिय उत्पादक कम्पनीहरुको लगानी, त्यस्तै अमेरिकन र ब्रिटेन आइडल जस्तै इन्डियन आइडल र नेपाल आइडल र भ्वाइस अफ अमेरिका जस्तै भ्वाइस अफ इन्डिया र भ्वाइस अफ नेपाल जस्ता रियलिटी सो हरु अन्तर्राष्ट्रिय पूँजीवादका यस्तै वित्तीय उत्पादहरु हुन्, जस्ले विश्वको अधिकांश देशमा जनताको गोजा हलुका गरिरहेको छ । र यसमा लगानी गरिएको अवैध सम्पत्तिलाई वैध बनाउने गर्छ ।

यो कालो धन नै प्रारम्भिक पूँजीको सञ्चित रुप हो । तर काला धन अर्थात् अवैध सम्पत्तिको मालिकले धन गाडेर राख्न सक्दैन । उसले कहीँ न कहीँ यसको लगानी गर्नै पर्छ, होइन भने यस धनको कुनै मूल्य नै हुँदैन । त्यसैले उसले नयाँ नयाँ वित्तीय उत्पादहरु सृजना गर्छ । माथी चर्चा गरिएको शेयर बजार, खेल र मनोरञ्जनका अन्तर्राष्ट्रिय उत्पादहरु यसैका परिणाम हुन् । यसरी एक्काइसौँ शताब्दीमा विश्व भ्रमण गरिरहेको 'आवारा पूँजी' (क्रूनी क्यापिटल) दलाल तथा नोकरशाही पूँजीपति वर्गको उपयोग गरेर विश्व सम्पदा र श्रममा कब्जा कायम गर्छ । अब त बैङक पनि सरकारको रहेन । अब देशका दलाल पूँजीपतिहरु विदेशी पूँजीपतिहरुको बैङकको लगानीमा देशको नगद र सम्पत्ति विदेशी पूँजीपतिहरुलाई सुम्पँदैछ । राज्यसत्ताको नियमनकारी केन्द्रिय बैङकले यसवापत वैध कमीसन प्राप्त गर्छ, जो प्रकारान्तरले सत्ताधारीहरुलाई समृद्ध गर्छ ; यद्यपि नामभने जनताको नै हुन्छ । यसरी अवैध उद्देश्यको निम्ति वैध राजनीतिक भ्रष्टाचार हुने गर्छ । यो किन हुन्छ ? किनभने राजनीतिक व्यवस्थाको चरित्र नै बेइमान छ । भन्छ, बहुसंख्यक जनताको सामूहिक हितको निम्ति, र हित गर्छ मुठीभरी पूँजीपति वर्गको वर्चस्वको निजी क्षेत्रको ।

यसकारण पूँजीवादी संरचनाभित्र भ्रष्टाचारमुक्तको कल्पना भ्रममात्र हुने छ । अहिले न्यायालयका कयौँ फैसलाहरु प्रभावमा परेर गरिएको विषय पटक पटक उठने गरेको छ । यो आश्चर्यको विषय होइन, किनभने न्यायालयपनि यस पूँजीवादी संरचनाभित्र कै अङ्ग हो । र जब न्यायालय समेत भ्रष्ट हुनसक्छ भने अन्य संरचना स्वच्छ हुन्छ भनेर लाटोले मात्र सौँच्न सक्छ ।


बेला बेलामा भ्रष्टाचारको आरोपमा नेताहरु र अन्यहरु पक्राउ हुने गरेको भन्ने प्रश्न केहीले उठाउन सक्छन् । तर यो सत्ताभित्रका राजनीतिक शक्तिहरु बीचको आपसी द्वन्द्वको परिणाम हो, भन्ने तथ्यपनि त्यतिकै सत्य छन् । होइन भने अनेक थरी भ्रष्टाचारका आरोप लागेका तथा आर्थिक सुचिताको खुलेआम उल्लंघन गरेर अर्बौं कमाएका नेताहरु सत्ताका विविध पदमा आसीन नै छन् ।

यस्तोमा सबै भ्रष्टाचारी नेताहरु, अधिकारीहरु, ठेकेदार र दलालहरुलाई फाँसीको सजाय दिएपनि भ्रष्टाचार रोक्न सकिँदैन । वर्तमान पूँजीवादी सामाजिक आर्थिक संरचनाले तत्कालै नयाँ जमात खडा गर्नेछ । त्यसरी नै जसरी गणतन्त्रको स्थापनापछि विस्थापित बहुदलिय राजतन्त्रले राजनीतिक भ्रष्टाचारको नयाँ जमात खडा गर्न सफल भयो ।

यसको तात्पर्य के हो भने समस्त राजनीतिक संरचनालाई जनवादी अधिनायकत्वको शैलीमा रुपान्तरण नगरेसम्म र निजीक्षेत्रको विस्तारलाई सीमित पार्न सकिएन भने, र शिक्षा, स्वास्थ्य, यातायात, विकास निर्माण, आदि सार्वजनिक क्षेत्रलाई पूर्णरुपमा सरकारी नियन्त्रणमा नलिएसम्म, न राजनीतिक भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ, न समाजवादको उद्देश्य पूरा हुनसछ ।

अन्तिम कुरा, वर्तमान पूँजीवादी अधिनायकत्वको गणतन्त्रलाई जनवादी अधिनाकत्व हुँदै समाजवादमा रुपान्तरण एकमात्र विकल्प हो ।

# हर बहे से खर खाए बकरी अचार खाए



**कुमार भास्कर**

आज फेसबुक स्क्रोल गर्दैगर्दा सामान्यतया जन्मदिन एनिभर्सरीहरुसँगै एउटा उपयोगी पोष्ट हेरे, कृषी सम्बन्धी कार्यक्रमको खत्रा ह्यासट्यागको थ्रीडी लेटर ३ँ लेखेको फोटो सहितको ठुलो ब्यानर हालेर कार्यक्रममको, हाम्रो प्रदेशको भाइ बहिनीहरुले पोष्ट् याउनु भएको र मिथिला पेन्टीङ भन्दा अन्तको कला पृष्ठभुमिमा राखी फोटो खिच्ने ठाँउको फोटो पनि खत्रै देखे । ह्यासट्यागको थ्रीडी लेटरले नै थाहा भयो यो यताको कार्यक्रम हैन डोनरवाला कै होला ।

मलाई यहाँ केही जनचासो सहितको कुरा सोध्न मन लाग्योः

१. आइएनजिओले गर्ने सबै कार्यक्रम एसीबाला स्टार होटलमै किन हुन्छन ?
२. सार्वजनिक सरोकारको विषय जहिले बन्द कोठा मै किन गर्नुपर्छ ?
३. आइएनजिओले दिने ट्रेनिङ्ग तथा कार्यशालामा भाग लिएका व्यक्तिहरु कतिको सक्षम भए भन्ने सोशल अडिट कहिले भयो र कसैले गऱ्यो ?
४. आइएनजिओले अरु प्रदेश भन्दा तराइ मधेश रुचाउने किन ? र रुचाइए पछि के गरिबि र बेथिति देखाएर कार्यक्रम ल्याइ एसीबाला स्टार होटलममै हुनुपर्नेको उद्देश्य तथा औचित्य के ?
५. आइएनजिओको हरेक कार्यक्रममा उँही व्यक्तिको उपस्थितिले पछिल्लो समयमा लिएको अन्य ट्रेनिङ्ग तथा वर्कशपको उपलब्धिको गणना कति ?

यो उपर्युक्त प्रश्न मैले किन सोधे भनेः

मैले सधै जसो हेर्दै आएको धान दिवसमा एउटा खेतमा मोटरले पानि हालेर गिलो बनाइ त्यसमा धान दिवस मनाएको देख्यौ र यो फेक रोपाइ र हिलाम्मे फोटोले धान दिवसको औचित्यता दिदैन भनेर हामीले संवाद मार्फत एउटा यस्तो संवाद गरौं जसमा किसान र कृषिको प्रत्यक्ष संलग्नता रहोस भन्ने विचार गऱ्यौ । र सो गर्नलाइ सोही अनुरुपका कृषि विज्ञहरु पनि राख्नुपऱ्यो भनेर कृषिसंग प्रत्यक्ष सरोकारवालालाई राखेर सार्वजनिक संवाद राख्ने निर्णय गऱ्यौं ।

**कृषि संवाद**: कृषि संग सम्बन्धित संवाद गर्दा सोही संग सम्बन्धी कृषि संवाद नै नाम राख्ने निर्णय गऱ्यौं ।

स्थानः सधै हलमा र यो माटोसँग सम्बन्धित कार्यक्रम हो त्यसैले कृषिको लागि सबैभन्दा उपयुक्त स्थल यसको विज्ञरहने स्थान राष्ट्रिय धानबाली अनुसन्धान केन्द्र राख्ने निर्णय गऱ्यौ. र यसको लागी सोही स्थलको हलमा नगरी हामी बाली अनुसन्धानको खेतको बिचमा रहेको सेडमा गर्ने योजना सो अनुसन्धान केन्द्रमा कार्यरत्त अधिकृत रमेश साहको समन्वयमा सो स्थानको अनुमति पनि सहजै पायौं ।

**वक्ताहरू**: कृषिको समस्या, अवस्था तथा अगामि कस्तो नितिनियम तथा कार्यक्रमहरु ल्याउनु/अपनाउनु पर्ने भन्ने जानकार व्यक्तित्व तथा सरोकारबालाहरुलाई राख्नु पऱ्यो भनेर हामीले, राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम कार्यालयका प्रमुख कृषि वैज्ञानिक डा. रामवरण यादव, सोही कार्यलयका अर्को कृषि वैज्ञानिक डा. सुशिलराज सुवेदी राख्ने निर्णय गऱ्यौं । सबै क्षेत्रगत राख्दा हामीले तत्कालीन माननीय कृषि मन्त्री गोविन्द बहादुर न्यौपानेज्यूलाइ एक महिना देखी निम्तो लगायतका सबै खाले पैरवी गऱ्यौं तर आलटाल गर्दागर्दै कार्यक्रमको नजिक नजिक आएर म बिरामी परें मन्त्रालयका सचिवज्यूलाइ भन्नुस भनेर आफ्नो भार टारे, प्रत्यक्ष प्रश्नोत्तरबाट डराउनुभएको हामीले आंकलन गऱ्यौं सचिवज्यू अझ अब १-२ दिनमै कार्यक्रम हुने भएसी किन मान्नुहुन्थ्यो वहाँ नि त्यस्तै सबै पुर्व कार्यक्रमको फेहरिस्त सुनाइ व्यस्तरहने बताउनुभयो । मधेशमा मधेश सरकारबाट कृषि सम्बन्धी सरोकार राख्ने व्यक्ति अब को हुनसक्छ भनी खोज्दा हामीले अहिलेका वन तथा वातावरण मन्त्री तथा तत्कालीन माननीय कृषि राज्यमन्त्री संजय यादवज्यूलाइ सो कार्यक्रम बारे जानकारी गराउँदा वहाँ सहर्ष वक्ता भइ आउन तयार हुनुभयो ।

यो आइएनजिओ टाइ लाएर एसीमै कार्यक्रम गर्दा छाँयामा बस्दा पनि घामको राप र खेतके तातो उमस थाहै नपाइ आफू र आफू सम्बद्ध वक्ता तथा उपस्थिति व्यक्तिहरुले यस तराइमधेशका बासिन्दा तथा जनमानसका रङ्ग किन गहिरो हुन्छ र सो गहिरोपनमा पसिनाले जिउँलाइ कस्तो सिँचन गरेको हुन्छ कसरी थाहा हुन्छ । नत्र हामीले प्रत्यक्ष सरोकारबाला कार्यक्रम हामीले कृषि, खेतीपाती तथा बनजङ्गल सम्बन्धी कार्यक्रम त केन्द्र मै गर्दा अझ बेसी सजिलो हुने होइन र ?

अन्य वक्तामा सो समयका प्रमुख जिल्ला अधिकारी (सिडिओ) काशीराज दाहाल राख्ने यसकारण निर्णय गऱ्यौ कि वहाँ यस अघि कृषि मन्त्रालय, नेपाल सरकारको सह सचिव भएका काम गरिसक्नुभएकोले कृषि सम्बन्धी राम्रो जानकारी हुनुहुन्छ । चार जनासँग एकजना कृषी तथा कृषकहरुको समस्याबारे बोलिरहने लेखिरहने अर्को एकजना सञ्चारकर्मी राख्ने सोंच अनुरुप रेडियो नेपाल क्षेत्रीय प्रशारणका अजय झाज्यूलाइ वक्ताको रुपमा राख्यौं ।

**कार्यक्रम प्रस्तोता**: कुनै कार्यक्रम अझ भन्नु पर्दा प्रत्यक्ष सरोकारवाला कार्यक्रमहरुमा प्रस्तोताको भुमिका धेरै महत्वपूर्ण हुनजान्छ, त्यसैले हामी मधेशका जनसरोकारका टेलिभिजन कार्यक्रमहरुको राम्रै एक्सपेरिएन्स भएका टिभि एङ्कर अमित ठाकुरलाइ राख्यौं ।

**उपस्थिति र पहुँच**: सो कृषि कार्यक्रममा हामीले धानबाली अनुसन्धान तथा कृषि सम्बन्धी पढिरहेका विद्यार्थीहरु, स्थानीय तथा आसपासका कृषक, धानबाली अनुसन्धानका कर्मचारीहरु, जनकपुरका युवाहरुलगायतमा निमन्त्रणा गरि हामी सो कार्यक्रम गऱ्यौं यति मात्रैले नभएर सबैले सुनून भनेर हामीले अप्पन टिभी, अप्पन टिभिका सामाजिक संजाल, संवाद फाउण्डेशनको फेसबुक पेज सहित विभिन्न माध्यमले प्रत्यक्ष प्रशारण गऱ्यौं ।

**चुनौती र श्रोतसाधन**: खेतको बिचमा बत्ती नहुने ठाँउमा इन्टरनेट सम्भव छैन भन्दा, हामी सहरभन्दा बाहिर सरोकारी कार्यक्रमलाइ यस्तो सुगममा भएर सम्भब गर्न १ किमि इन्टरनेट तारको पैसा तिरेर लाइभको लागि राउटर राख्यौं । कार्यक्रम हुन्छ खाजा खानुपर्छ तर बजेट यो प्रदेशमा केही राम्रो सोच्दैमा हुन्छ भने नसौंचे हुन्छ । आआफ्नै खर्चमा गरिरहेको कार्यक्रम आफै संवादका साथीभाहरुले पकाउने व्यवस्था मिलायौं । यो कुरा यहाँ किन राख्नु जरुरी छ भने सोही मासु चिउरा खाँदै एउटा कर्मचारीले असारे बजेटमा पाको कार्यक्रम होला अनी मासु त मिठो राख्नु, अचार छैन खुर्सानी लगायतको राम्रो व्यवस्था हुनुपर्छ भनेको थ्यो, सायद वहाँ असारे कार्यक्रम प्रति धेरै जानकार हुनुहुँदो रहेछ ।

उपर्युक्त कुराहरु मैले किन राख्न चाहे भने सोही धानबालीले देशभरीमा अन्नबाली प्रयोग गरिन्छ । तर यो आइएनजिओ टाइ लाएर एसीमै कार्यक्रम गर्दा छाँयामा बस्दा पनि घामको राप र खेतके तातो उमस थाहै नपाइ आफू र आफू सम्बद्ध वक्ता तथा उपस्थिति व्यक्तिहरुले यस तराइमधेशका बासिन्दा तथा जनमानसका रङ्ग किन गहिरो हुन्छ र सो गहिरोपनमा पसिनाले जिउँलाइ कस्तो सिँचन गरेको हुन्छ कसरी थाहा हुन्छ । नत्र हामीले प्रत्यक्ष सरोकारबाला कार्यक्रम हामीले कृषि, खेतीपाती तथा बनजङ्गल सम्बन्धी कार्यक्रम त केन्द्र मै गर्दा अझ बेसी सजिलो हुने होइन र ?

# बाली लगाउने बेला सधैँ पानी र बीउको पिरोलो



महोत्तरी । जेठ सकिनै लाग्दासम्म धानको ब्याड राख्न नपाएका महोत्तरीका किसान यसपालि पनि समयमै खेती गर्न नपाइने चिन्तामा रहेका छन् । असार दोस्रो साता प्रारम्भ भएसँगै धान रोपाइँमा लाग्नुपर्ने किसानको तालिका अनुकूल वर्षा नहुँदा खेती प्रभावित हुने चिन्तामा परेको हो । असार तेस्रो साताभित्र धानको मूल रोपी सक्नुपर्ने भए पनि जेठ सकिनै लाग्दासम्म ब्याड नै राख्न नपाएपछि यसपालि समयमा खेती नहुने पक्का जस्तै भएको किसानको भनाइ छ ।

"जेठ तेस्रो साताभित्र ब्याड राखिसक्ने, असार तेस्रो साताभित्र शाही रोप (मूल रोप, बीउ रोप) सक्ने र साउन तेस्रो साताभित्र खरूअन (धानको कलम, बीउ रोप गाँजिएपछि त्यो उखालेर रोपिने) रोपाइँ सक्ने धानखेतीको तालिका हो," भङ्गाहा-४ का ६० वर्षीय किसान मोहन खाँ थारू भन्नुहुन्छ, "जेठ सकिन लाग्यो, ब्याड नै राखिएको छैन, कसरी धान रोपाइँ तार लाग्ला खै ?" जेठ मध्यपछि राम्ररी माटो गालेर पानी नपर्दा र राम्रो बीउको जोहो नहुँदा अझै ब्याड राख्न नसकिएको थारूको चिन्ता छ ।

सामान्यतया कमसेकम ब्याडको बीउ १५ दिनको नभई रोप्न नसकिने र अहिलेसम्म ब्याड राख्ने तयारी नै गर्न नसकिँदा असारे १५ को धान दिवसमा यसपालि धान रोपाइँ गर्न पाइने छाँट नदेखिएको किसानको चिन्ता छ । धानको ब्याड खेत हिल्याएर राख्नु किसानको पहिलो रोजाइ हुन्छ । खेत हिल्याउने गरी पानी नहुँदा धुले ब्याड पनि राखिन्छ । तर, जेठ मध्ययता धुले ब्याड राख्न पनि चाहिने चिस्यान हुनेगरी पानी नपरेपछि किसानको धानखेतीको तालिका गजमजिएको हो । अनुकूल वर्षा नहुनु र राम्रो उमारको बीउ नपाउँदा किसान रनभुल्ल छन् ।

"हैन, यो समय नै के आयो, बुझ्न सकिएन । अघि बाबुबाजे त जेठ आधा बितेपछि अब पानी पर्छ भनेर खेत खनजोत गरेर धुल्याउँथे, त्यही समय मिलाएर पानी पर्थ्यो पनि । अनि आफैँले भण्डारण गरेको बीउ ब्याडमा छरिन्थ्यो," पुराना कुरा सम्झँदै भङ्गाहा-४ कै ८० वर्षीय चौठी बाँतर विरक्तिँदै भन्नुहुन्छ, "अब त खेतीपातीका ती अड्कल कामै लाग्न छाडे । न त्यो समयमा अनुकूल पानी पर्छ, न घरमा राखिएको बीउ उम्रन्छ, खै के समय आयो ?" पहिलेपहिले जस्तो मौसमबारे गरिने अड्कलबाजी अचेल मेल खान छाडेको बाँतर बताउनुहुन्छ ।

अहिल धानखेतीका किसानलाई मुख्य पिरोलो बीउको छ । बीउ भेटिए पानी पर्नासाथ ब्याड राख्न पाइने किसान बताउँछन् । तर, हाट बजारमा किनिएको बीउ राम्रो उमारको नहुँदा विगतमा पाएको दुःख सम्झँदै बर्दिबास-७ मनहरिपुरका ७० वर्षीय किसान विन्देश्वर यादव भन्नुहुन्छ, "यी ठाउँठाउँका सरकारले 'यहाँ बीउ किन, ठगिदैनौँ' भन्दिए हुने, त्यो पनि पाइएन ।" बजारमा किनिएको बीउ राम्ररी नउम्रने, नगाँजिने र पोटिलो दाना नलाग्ने गरेको विगत अनुभवले यादवलाई अब के गर्ने भन्ने चिन्ताले पिरोलेको छ । हाटबजारका कृषि सामग्री बेचबिखन पसलमा किनिएको बीउमा धेरै पटक ठगिनु परेको किसानको गुनासो छ ।

यादव मात्र नभएर यहाँका अधिकांश किसान अहिले आफ्नै स्थानीय तहको कृषि शाखामा बीउ पाउने आसमा चाहार्दै छन् । तर धेरैजसो स्थानीय तहका कृषि शाखाले किसानलाई सुपथ मूल्यमा दिइने बीउको व्यवस्था नगर्दा किसान फेरि खुला बजारकै भर पर्नुपर्ने भएको छ । "पोहोर, परार त सस्तो महगो जेजस्तो भए पनि वडा कार्यालयबाट थोरतिन बीउ पाइएको थियो," सो बस्तीकै अर्का किसान रितबहादुर पौडेल सम्झनुहुन्छ, "यसपालि बीउ वितरणको चियो चर्चा थाहा पाइएन ।"

जेठ तेस्रो साताभित्रै राखी सक्नुपर्ने ब्याड यसपालि वर्षा र बीउको चाँजो नमिल्दा किसान पछि परेका हुन् । अब समय निकै घर्किसक्दा धान रोप्नै नपाइने पो हो कि भन्ने चिन्ताले किसानको पिरोलो बढेको हो । राम्रो बीउ र पानीको अभावले मुख्य बाली मानिएको धान ठीक समयमा रोप्न नसक्ने छाँट देखिएपछि किसान यसपालि अन्नको सङ्कट बढ्नसक्ने आशङ्काले पिरोलिएका छन् ।

यसपालि हिउँदे वर्षा राम्रो नपर्दा चैतीबाली राम्रो उत्पादन लिन नसकेका किसानको आश अब असारमा रोपिने धानमा टिकेको छ । यो जिल्लाकै मुख्यबाली समयमा लगाउन नपाइएपछि गुजाराको सङ्कट बढ्ने किसानको चिन्ता छ । "खै बीउ कहाँ जोहो गर्ने होला ?" गौशाला-४ रजखोरका ६० वर्षीय किसान रिझन साह बीउकै खोजमा भुट्भुटिनु भएको छ । यसपालि पहिले नै पानी नपर्दा बर्खे धान लगाउन नपाएका किसानलाई अब हिउँदे धानको मात्र आश छ । अब लगत्तै पानी परेर बीउ भेटिए जेठभित्र राखिएको ब्याडले पनि असारभरिमा रोपाइँ गर्न पाइने किसान बताउँछन् ।

पहिले स्थानीय जातका धान लगाउँदा आफैँले बीउ राख्ने गरे पनि अहिले विकासे जातका धान लगाउन थालेपछि बीउकै लागि बजारको मुख ताक्नु परेको किसान बताउँछन् । "हाँमीसँग आफ्नै कलमखोर, गोला, हरिणकेर, वानपाकी, जसवा र सज्जिरासहितका दर्जनौं धानका जात हुन्थे," भङ्गाहा-२ बखरीका किसान ६० वर्षीय जिबछ सिंह थारू भन्नुहुन्छ, "विकासे जात धेरै फलाउने भनेर पुरानो धान मासियो, अहिले बीउ नपाएर सास्ती छ ।"

पछिल्ला दुई दशकयता स्थानीय जातका धान लगाउन छाडेपछि प्रत्येक वर्ष ब्याडमा बीउ राख्ने बेलामा बीउ नपाएर सास्ती पाइने गरेको किसानको भोगाइ छ । त्यस्तै स्थानीय सरकारको प्राथमिकतामा कृषि नपर्दा दुःख पाइएको किसान गुनासो गर्छन् । "हामी त पैसा तिरेरै ल्याउँथ्यौँ, भरपर्दो ठाउँमा यहाँका हाम्रा प्रतिनिधिले बीउबिजन, खादमल व्यवस्था गरिदिए हुने, तर यो काम प्राथमिकतामा प्रतिनिधिले राखी दिएनन्," भङ्गाहा-९ कर्पुरगञ्जका अगुवा किसान रामजुलुम सर्दार भन्नुहुन्छ । "कृषि नै प्राथमिकतामा नपरेपछि खै के समृद्धि हुने होला ?" स्थानीय प्रतिनिधिप्रति सर्दारको कटाक्ष छ ।

जिल्लामा कुल ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये ४५ हजार हेक्टर धानखेतीका लागि उपयुक्त मानिन्छ । यद्यपि कुल खेतीयोग्य जग्गामध्ये १० प्रतिशतमा मात्र कुलो नहर लाग्नेहुँदा अधिकांश खेती आकासे पानीकै भरमा छ । स्थायी कुलो, नहर १० प्रतिशतमा मात्र पुगेको हुँदा किसानले कहिल्यै सजिलै समयमा खेती लगाउन पाएका छैनन् । यो अवस्थाले बर्सेनिजसो अपेक्षित धान रोपाइँ हुन नसकेको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयका बालीविज्ञको स्वीकारोक्ति छ ।

"हो, समयमा पानी र बीउ नहुँदा/नपाउँदा किसान हैरान छन्," कार्यालयका बाली विकास अधिकृत राजकिशोर यादव भन्नुहुन्छ, "मुख्य रूपमा अहिले किसानलाई बोरिङ, इनार र स्यालोट्यूबवेलजस्ता वैकल्पिक सिँचाइमा प्रोत्साहित गरिँदैछ, यसले आकाश ताक्नुपर्ने अवस्थामा राहत दिनेछ ।" बीउका लागि स्थानीय तहका कृषि शाखाको पहलकदमी बढ्दा किसानले राहत पाउने यादव बताउनुहुन्छ ।

जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिकासहितका १५ स्थानीयतहमध्ये धेरैजसो कृषि शाखा सञ्चालनबारे बेखबरझैँ रहेका किसानको गुनासो छ । जिल्लाका एकाध स्थानीयतहबाहेक किसानलाई समयसमयमा सल्लाह दिने, बालीनाली हेरिदिने, बीउविजनको प्रबन्ध गरीदिनेजस्ता काम हेर्नेगरी कृषि शाखा सञ्चालन हुन नसकेका अखिल नेपाल किसान महासङ्घका केन्द्रीय सदस्य महोत्तरीकै भङ्गाहा-५ भूचक्रपुरका लक्ष्मण महतो बताउनुहुन्छ।"स्थानीयतहको प्राथमिकतामा बीउबिजन, सिँचाइ र समयमा मलखादको प्रबन्ध परेको देखिँदैन," उहाँ भन्नुहुन्छ, "यो अवस्थाले किसान निराश छन् ।" कृषि सामग्रीको बजार व्यवस्थापन नगरिँदा र गुनासो सुनाउने ठाउँ नपाइँदा किसानको निराशा बढेको हो ।

यसैबीच जिल्लाको मटिहानी नगर कार्यपालिकाको कार्यालयले भने कृषि शाखा सक्रियतापूर्वक काममा रहेको जनाएको छ । "हामीले खेतीपातीको बेला बीउबिजन, मलखाद र अन्य प्रबन्धमा ध्यान दिँदै आएका छौँ," प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा भन्नुहुन्छ, "यसैगरी फलफूल रोपन, मखानखेतीको बजार व्यवस्थापन र गाईबाख्रा पालनमा सहयोग कार्यक्रम नियमित छन् ।" यद्यपि किसानलाई आवश्यक पर्ने जति समन्वय अझै गर्न नसकिएको शर्माको स्वीकारोक्ति छ ।

यसअघि (नयाँ संविधान लागू हुनअघि) का जिल्ला कृषि विकास कार्यालय छँदा उसको मातहत रहेका कृषि केन्द्र र उपकेन्द्रहरू अहिले सम्बन्धित स्थानीय तह मातहत भएका छन् । पहिलेका कृषि केन्द्र, उपकेन्द्रलाई समुचित समन्वय गरेर स्थानीय तहले कृषि शाखा सञ्चालनमा ल्याउन नसक्दा आवश्यक सेवा र परामर्श किसानले पाउन नसकेका कृषि क्षेत्रको सरकारी सेवाबाट निवृत्त भङ्गाहा-६ हतिसर्वाका बासिन्दा जासर यादव बताउनुहुन्छ । "जिल्लास्थित कृषि ज्ञान केन्द्र प्रदेश सरकार मातहत छन्," बालीविज्ञ यादव भन्नुहुन्छ, "पहिलेका केन्द्र र उपकेन्द्र चाहिँ स्थानीय तह मातहत । जिल्लास्थित कृषि ज्ञान केन्द्र र स्थानीय तहका निकायबीच समन्वयको राम्रो तारतम्य मिल्न सकेन ।"

सैद्धान्तिक रूपमा भएको व्यवस्थाभित्र स्थानीय तहले कृषि शाखा सञ्चालन गर्न नसक्दा पहिलेका कृषि केन्द्र र उपकेन्द्रका कृषि प्राविधिक अहिले कुनै काममा नदेखिएका आम गुनासो छ । यहाँका स्थानीयतह कृषि शाखाको सफल सञ्चालन गर्न नसकेको स्वीकार गर्छन् । "यो बिलकुल विषय दक्षतामा आधारित क्षेत्र रहेछ," भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जिवकुमार साह भन्नुहुन्छ, "किसानले बढीभन्दा बढी सेवा लिनसक्ने गरी कृषि शाखाको सञ्चालन र सेवा प्रवाहको उचित समन्वय गर्न सकिएको छैन ।"

यता स्थानीय तहमा रहेका कृषि केन्द्र र उपकेन्द्रमा कार्यरत कृषि प्राविधिक र कर्मचारीले आफूहरु स्थानीयतहको नेतृत्वबाट उपेक्षित भएको गुनासो गरेका छन् । आफूहरूसँग कृषिसम्बन्धी कुनै परामर्श लिने वा योजना बनाउने काममा सहभागिता नखोजिएको कृषि प्राविधिक र कर्मचारीको गुनासो छ ।

चैतेबाली र वैशाखी तरकारी खेतीबाट अपेक्षित उत्पादन लिन नसक्दा अब गुजाराको एउटै सहारा देखिने धानबाली लगाउन सक्ने अवस्था नआए भोकमरी हुने चिन्ताले किसान पिरोलिएका छन् । यो अवस्था अन्त्य गर्न अहिले तत्काल प्रदेश सरकार, स्थानीयतह र कृषिसम्बद्ध कार्यालयको समन्वय आवश्यक देखिएको विज्ञले सुझाएका छन् ।रासस

# पेट्रोलियम पदार्थ र सवारीसाधन आयातमा निर्भर




वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालयले चालु आवको १० महिनाको अवधिमा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट रु ६४ अर्ब ५० करोड राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले चालु आवको १० महिनामा पाँच थरिका पेट्रोलियम पदार्थ आयात गर्नका लागि रु एक खर्ब ५५ अर्ब ९४ करोड रकम खर्चिएको छ । आयातबाट प्राप्त कूल राजस्वमा मुख्य २० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने ४६ दशमलव २६ प्रतिशत रहेको छ । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछाने यहाँको भन्सारको मुख्य राजस्वको स्रोत नै पेट्रोलियम पदार्थको आयात र सवारीसाधनको आयातमा निर्भर रहेको बताउनुभयो ।

त्यस्तै दोस्रो धेरै राजस्व भने यातायात साधन र तिनका पार्टपूजा आयातबाट रु १५ अर्ब २४ करोड रकम प्राप्त गरेको छ । त्यस्तै आयातबाट प्राप्त राजस्वमा यातायातको साधन र पार्टपूर्जाको हिस्सा भने १० दशमलव ९३ प्रतिशत रहेको छ ।

त्यस्तै फलाम तथा फलामबाट बनेका सामानबाट भने पाँच अर्ब २५ करोड राजस्व सङ्कलन गरेको छ । मेसिनरी तथा पार्टपूर्जा आयातबाट भने चार अर्ब ५५ करोड राजस्व सङ्कलन गरेको छ ।

त्यस्तै इलेक्ट्रिक मेसिनरी,उपकरण र तिनका पार्टपूर्जा आयातबाट तीन अर्ब ३७ करोड राजस्व सङ्कलन गरेको छ । चालु आवकै १० महिनामा सबै प्रकारका कपडा आयातबाट भने दुई अर्ब ८७ करोड राजस्व सङ्कलन गरेको छ । त्यस्तै सुर्ती र सुर्तीजन्य पदार्थको आयातबाट भने दुई अर्ब २३ करोड राजस्व सङ्कलन गरेको छ । शृङ्गारका सामान आयातबाट भने दुई अर्ब २२ करोड राजस्व सङ्कलन गरेको छ ।रासस

# पर्सामा विपद्सँग जुध्न विपद् स्वयंसेवक तयार पारिँदै

वीरगञ्ज । पर्सामा हुने प्राकृतिक तथा मनसुनजन्य विपद्सँग जुध्नका लागि विपद् स्वयंसेवक परिचालन आधारभूत तालिम शुभारम्भ गरिएको छ । सशस्त्र प्रहरी बल नेपाल, नम्बर १३ गण हेडक्वाटर पर्साले सोमबार यहाँ मनसुनजन्य विपद् र अन्य प्राकृतिक प्रकोपका गतिविधिमा स्थानीय समुदायको सक्रिय सहभागिता गराउने उद्देश्यले तालिमको आयोजना गरेको हो ।

सो तालिममा ३० जनालाई २१ दिनसम्म विपद् स्वयंसेवक तालिम उपलब्ध गराइनेछ । वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले प्राकृतिक विपद्सँग जोगाउनका लागि यस्ता खालका कार्यक्रमको आवश्यक रहेको बताउनुभयो ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विपद्का जोखिमलाई न्यूनीकरण गर्नका लागि यस्ता खालका तालिम प्रभावकारी हुने बताउनुभयो । सशस्त्र प्रहरी बल नेपाल, नम्बर १३ गण हेडक्वाटर पर्साका गणपति राधेश्याम धिमालले प्राकृतिक विपद् सम्बन्धित तालिमले सम्भावित जोखिमको बेलामा निकै प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट प्रकाशित हकदाबि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा निवेदक जि.ध.गा.वि.स. बहेडाबेला वडा नं.३ हाल मुखियापट्टी मुसहरनिया गा.पा.वडा नं.५ मा बस्ने जयलाल यादवको बुहारी अमिरी यादवको श्रीमती समुन्द्री देवीले मेरो पति अमिरी यादवको नाउँमा साविक मौजे बहेडाबेलाको सा. कि.नं.१२६७ क्षेत्रफल ०-४-१० लगत कायम रहेको जग्गा सर्वे नापी हुँदा जि.ध. गा.वि.स. बहेडावेला वडा नं.३ख कि.नं.३८५ क्षेत्रफल ०-४-० को जग्गा नापनक्सा भई दर्ता गर्न छुट भएकोले ज.ध.अमिरी यादवको मिति २०७०/०२/०३ गतेकोमा परलोक भई निज मृतकको हकभोग खाने म निवेदिका समुन्द्री देवी र दुई छोराहरु जेठा बुधन यादव-१ र कान्छो छोरा झगरु यादव-१ समेत ३ जना मात्र भएकोमा दुई छोराहरु बुधन यादव र झगरु यादवको मंजुरीले उक्त जग्गा म निवेदिका समुन्द्री देवीको नाउँमा एकलौटी नाममा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी यस कार्यालयमा द.नं.५२१७ मिति २०८१/०६/०८ को माग निवेदन भएकोले यसमा निवेदकको माग दावी अनुसारको छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदकहरू वाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु संग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालमा आउनु होला । सूचनाको म्याद भित्र दावी उजूरी नपरी म्याद समाप्त भएमा कानुन वमोजिम भई जाने व्यहोरा यसै सुचनावाट सबैमा सुचित गरिएको छ ।

तपसिल

| जिल्ला | क्षेत्र | वडा नं. | कित्ता नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | बहेडावेला | ३ख | ३८५ | ०-४-० | ज.ध. महलमा अमिरी यादव, बहेडाबेला पं. वार्ड नं. ३, बुबा-जैलाल पेन्सिलले उल्लेख भएको । |

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बनधी ३५ दिने सार्वजनिक सुचना

उपरोक्त सम्बन्धमा निवेदकको बुवा मसुदन यादबको नाउँमा दर्ता रहेको साबिक रमदैयाको कि.नं. १९२ क्षे.फ. ०-५-० जग्गा हाल मसुदन यादबको नाउँमा सर्वे नापी भई दर्ता सम्म छुट भएको तपशिल बमोजिम कायम भएका जग्गाहरुको जग्गाधनी मसुदन यादवको मिति २०६२/०७/२६ मा मृत्यु भईसकेको र निजको एकमात्र पत्नी देवकी देवी यादवको मिति २०६५/०२/१४ गतेमा मृत्यु भईसकेको हुनाले निज मृतकहरुको हकखाने हकदार एकमात्र छोरा जि.ध. रमदैया भवाडी वडा नं. ६ हाल क्षिरेश्वरनाथ न.पा. वडा नं. १ बस्ने अछे यादबको नाती मसुदन यादबको छोरा विन्देश्वर यादव हकदार भएको छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं. १७४४३ मिति २०८१/११/०४ गतेको माग निवेदन दाबी बमोजिम हकदाबी सम्बन्धी सार्वजनिक सुचना प्रकाशन गर्न मिति २०८२/१/०९ गतेको आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सुचना प्रकाशन गरिएको छ । तपशिलका उल्लेखित जग्गा निवेदकको नाउँमा एकलौटी छुट जग्गा दर्ता नामासारी भएमा अरु कसैको हक लाग्ने भए वा अन्य कोही हकदार भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए तथा सरकारी, सार्वजनिक, ऐलानी, पर्ति, गुठी अधिनस्थ, मठ मन्दिर, मस्जिद, शमसान घाट, सुकुमवासी बस्ती ईत्यादी कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारवाही चलाएको भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफुसंग भएको प्रमाण सहित भुमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा सप्रमाण दावी गर्न/सूचना गर्न आउनु होला । तोकिएको म्याद भित्र कोही कसैको दावी विरोध नपरे निवेदकको मागदावीलाई स्विकार गरेको मानी कानुन बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ । यस विषयमा पछि कसैको दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागी सुचित गरिन्छ ।

तपसिल

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|
| रमदैया भवाडि | ६ | ४७ | ०-४१० | ज.ध. महलः × र कैफियत महलमा यो जग्गा रमदैया भवाडी बस्ने मकसुदन यादवको नम्बरी हो । |

## श्री गुठी संस्थान
### शाखा कार्यालय, जनकपुरधाम

## पोखरीको ठेक्का सम्बन्धी बोलपत्र आव्हान गरिएको ७ (सात) दिने सार्वजनिक सूचना

**तेश्रो पटक प्रकाशित मिति: २०८२/२/२७**

यस कार्यालय अर्न्तगत रहेको जि.ध. धनौजी वडा नं.५ कित्ता नं. १६ क्षे.फ. ३-१२-७ को गुठी तैनाथी जग्गा रहेको पोखरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा न्यूनतम वार्षिक ठेक्का रकम रु. १,५०,००० (अक्षरुपी एक लाख पचास हजार मात्र) मा नघटने गरी ५ (पांच) वर्षका लागि ठेक्कामा बन्दोवस्त गर्नुपर्ने भएकोले देहायका शर्त अनुसार यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म यस कार्यालय वाट बोलपत्र फाराम खरिद गरी ८ औं दिनको १२:०० बजे सम्म आफूले लिन चाहेको दर अंक र अक्षरमा उल्लेख गरी लाह छाप सहितको सिलबन्दी गोप्य बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । दर्ता भएका गोप्य बोलपत्रहरु सोहि दिनको २:०० बजे बोलपत्र नियमानुसार कार्यालयमा खोलिनेछ । थप जानकारीका लागी कार्यालयमा सर्म्पक गर्न सूचित गरिन्छ ।

**श्री गुठी संस्थान शाखा कार्यालय जनकपुरधाम, धनुषा ।**
**सम्पर्क टेलिफोन नं. ०४१-५९०२८१**

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०२/२७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ (साह्रौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

तपसिल

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : मनिष डेरी उद्योग**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुर<br>दर्ता नं. : ८११३/२५३/०७१/०७२, दर्ता मिति : २०७१/१०/१२<br>रजिष्टर्ड कार्यालय : जनकपुर<br>**प्रोप्राइटर : सरोज कुमार साह** | |
| | **नाम : सरोज कुमार साह**<br>बाबुको नाम : परभु साह सुडी, बाजेको नाम : महाविर साह सुडी<br>ठेगाना : तारापट्टी - ६, धनुषा, हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४२६६८, जि.प्र.का. धनुषा, जारी मिति : २०६०/०१/२४<br>**शाखा कार्यालय : लोहारपट्टी** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : मन्जु देवी साह**<br>पतिको नाम : सरोज कुमार साह<br>ससुराको नाम: प्रभु साह सुडी<br>ठेगाना : तारापट्टी - ६, धनुषा<br>हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : १७३०५२/२६८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१०/०७ | **२. नाम : परभु साह सुडी**<br>बाबुको नाम : महाविर साह सुडी<br>बाजेको नाम : रौदी साह<br>ठेगाना : तारापट्टी - ६, धनुषा<br>हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४१८१३<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५७/०६/०९ |
| | **३. नाम : वहुरी देवी साह सुडी**<br>पतिको नाम : प्रभु साह सुडी, ससुराको नाम : महाविर साह सुडी<br>ठेगाना : तारापट्टी - ६, धनुषा, हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४१८१४, जि.प्र.का. धनुषा, जारी मिति : २०४४/१०/२५ | |
| | **धितोको विवरण** | |
| | वहुरी देवी साह सुडीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको सिरसिया - ६, धनुषा स्थित कित्ता नं. १०९१ को क्षेत्रफल ०-०-४-० व.मी. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| २. | **नाम : मुकेश कुमार महतो**<br>बाबुको नाम : छठु महतो सुडी, बाजेको नाम : राम सुन्दर महतो<br>ठेगाना : चन्द्रनगर - ३, सर्लाही, हाल : चन्द्रनगर - ६, सर्लाही<br>ना.प्र.प.नं. : १९-०१-७०-०७४०५, जि.प्र.का. सर्लाही, जारी मिति : २०७०/१२/२७<br>**शाखा कार्यालय : लालबन्दी** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : राजेश महतो**<br>बाबुको नाम : छठु महतो सुडी<br>बाजेको नाम : राम सुन्दर महतो<br>ठेगाना : चन्द्रनगर - ६, सर्लाही<br>ना.प्र.प.नं. : १९-०१-७८-११२४७<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७८/०८/२७ | **२. नाम : छठु महतो सुडी**<br>बाबुको नाम : राम सुन्दर महतो<br>बाजेको नाम : माझी महतो<br>ठेगाना : चन्द्रनगर - ३, सर्लाही<br>हाल : चन्द्रनगर - ६, सर्लाही<br>ना.प्र.प.नं. : १६४७/१८६५१६४७<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०३५/०७/०२ |
| | **धितोको विवरण** | |
| | मुकेश कुमार महतोको नाममा मालपोत कार्यालय मंलगवा, सर्लाहीमा दर्ता रहेको चन्द्रनगर - ३ क, सर्लाही स्थित कित्ता नं. ४८९ को क्षेत्रफल ०-१-५-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ असार १० गते मंगलबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ असार ११ गते बुधबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

**(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)**
**केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

# किसानहरुको वक्यौता विद्युत महसुल भुक्तानी

**टुडे समाचारदाता**

रौतहट। रौतहटको परोहा नगरपालिकाले कृषक हितमा महत्वपूर्ण कदम चाल्दै नगरपालिका अन्तर्गतका कृषि सिँचाइ मिटर प्रयोगकर्ता किसानहरूको विद्युत वक्यौता तिरिदिएको छ । नगरपालिकाको ९ सय ९४ जना किसानहरूको आर्थिक वर्ष २०८१/०८२ को लागि नगरपालिकाले नेपाल विद्युत प्राधिकरण गौर शाखाका निमित्त प्रमुखलाई २० लाख रुपैयाँको चेक हस्तान्तरण गरेको हो।

एक कार्यक्रमका बीच सोमबार परोहा नगरपालिकाका उप-प्रमुख सुगान्धी गिरीले गौर शाखाका निमित्त प्रमुखलाई बक्यौता तिर्नका लागि चेक हस्तान्तरण गरेका छन् ।

योजना शाखाका प्रमुख अब्दुल रब अन्सारीका अनुसारनगर क्षेत्रभित्र रहेका किसानहरुले सिँचाइका लागि प्रयोग गर्दै आएका मिटरमार्फत विद्युत सेवा लिइरहेका थिए। तर विभिन्न कारणले गर्दा किसानहरूले समयमा विद्युत महसुल तिर्न नसक्दा ठूलो वक्यौता जम्मा भएको थियो। त्यसैले नगरपालिकाले किसानको तर्फबाट विद्युत प्राधिकरणलाई २० लाख रुपैयाँ भुक्तानी गरी समस्या समाधानको पहल गरेको हो।

उनले थप बताए कृषि उत्पादनमा आत्मनिर्भरता कायम गर्नका लागि किसानलाई प्रोत्साहित गर्नु आवश्यक छ। नगरपालिकाले कृषि मैत्री नीति अनुरूप किसानहरूको हितमा सहयोगी कदम चालेको छ।



सो कार्यक्रममा बोल्दै उप-प्रमुख गिरीले भनिन्, 'किसानहरू नै देशको मेरुदण्ड हुन्। उनीहरूलाई प्राविधिक, आर्थिक र संरचनात्मक सहयोग नगरी समृद्धिको कल्पना गर्न सकिन्न। यही सोचअनुसार हामीले निर्णय गरेका हौं।'

उनका अनुसार आगामी दिनमा पनि परोहा नगरपालिकाले कृषकहरूको हितमा योजनावद्ध रूपमा विभिन्न सहयोग कार्यक्रम सञ्चालन गर्नेछ। स्थानीय किसानहरू यस कदमबाट निकै खुसी देखिएका छन्। उनीहरूका अनुसार विद्युत वक्यौता तिर्न नसक्दा बारम्बार लाइन काटिने, बाली सुक्ने, र आर्थिक क्षति भोग्नु परेको थियो। अब नगरपालिका आफैंले वक्यौता तिरेपछि उनीहरूमा केही सहजता आउने विश्वास गरिएको छास्थानीय तहको कृषिप्रतिको जिम्मेवारी र संवेदनशीलतालाई झल्काउँछ। किसानहरूलाई राहत दिने कार्यमा नगरपालिका जिम्मेवार भइ अगाडि बढ्दा यसले अन्य स्थानीय तहहरूलाई पनि प्रेरणा दिने विश्वास व्यक्त गरिएको छ। नेपाल विद्युत प्राधिकरण गौर शाखाले पनि परोहा नगरपालिकाको यस कार्यप्रति आभार व्यक्त गर्दै किसानहरूको सेवा नियमित गर्न सहयोग पुर्‍याइने जनाएको छ।

# 'प्रदेश ब्रान्ड रुख' घोषणा गर्ने योजना

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले 'प्रदेश ब्रान्ड रुख' घोषणा गर्ने तयारी गरेको छ। त्यसका लागि मधेश सरकारले कार्यदल बनाएको थियो । आइतबार सो कार्यालयले वन तथा वातावरण मन्त्रालयलमा प्रतिवेदन बुझाएको छ।

मन्त्रालयले करिब एक महिनाअघि प्रदेशको ब्रान्ड रुख छनोटका लागि वन अधिकृत सुरेश शर्माको संयोजकत्वकमा तीन सदस्यीय कार्यदल गठन गरेको थियो । सो समितिले आवश्यक अध्ययन, अनुसन्धान र सरोकारवालाहरूसँग सुझाव संकलन गर्नुका साथै वनविज्ञ, वातावरणविद्, समाजशास्त्री तथा प्रदेशका ८ वटै जिल्लाका वन तथा भू-संरक्षण कार्यालय प्रमुखहरूसँग राय सुझाव संकलन गरेको थियो।



संयोजक शर्माका अनुसार प्रदेशमा पाइने पीपल, वर, निम, साल, इमली, सतिसाल, हर्रो, बर्रो, अमला, छतिवन, सिमलसहितका रुखहरूको प्रजाति, धार्मिक/सांस्कृतिक महत्त्व, वातावरणमा पार्ने प्रभाव, भौगोलिक अवस्था, आर्थिक अवस्था तथा बजार भाउ, संरक्षणको अवस्थासहितको विषयमा छलफल भएको थियो। सो छलफलमा राखिएका रुखहरूमध्ये पहिलो नम्बरम पिपल, दोस्रोमा वर र तेस्रोमा नीमको रुख रुचाइएको थियो।

'सोही अनुसार हामीले पीपलको रुख पहिलो नम्बरमा, वरको रुख दोस्रो र नीमको रुख तेस्रो नम्बरमा राखेर प्रतिवेदन वन तथा वातावरणमा बुझाएका छौं,' शर्माले भने, 'हामीले सिफारिस गरेका रुखमध्ये कुनै एक रुखलाई प्रदेश सरकारको मन्त्रिपरिषद्ले प्रदेश ब्रान्ड रुखको औपचारिक घोषणा गर्छ।'

कुनै एक वृक्षलाई धार्मिक सांस्कृतिक, ऐतिहासिक, वातावरणीय प्रभाव र सामाजिक महत्वका साथै पहिचानसँग जोडिएको रुखलाई कुनै देश वा प्रदेशको ब्रान्ड रुख घोषणा गर्ने अभ्यास रहेको जनाइएको छ।

रुखलाई क्षेत्रीय पहिचानका रूपमा प्रस्तुत गर्दा वातावरणीय चेतना र संरक्षणमा टेवा पुग्नुका साथै सरकारलाई वृक्षको संरक्षण, संवर्द्धन र अनुसन्धानमा मद्दत पुग्ने उनको भनाइ छ।

नेपालमा अहिलेसम्म कुनै रुखलाई औपचारिक रूपमा राष्ट्रिय रुख घोषणा गरिएको छैन। मुलुक संघीय संरचनामा गएपछि पहिलोपटक मधेश सरकारले प्रदेशको ब्रान्ड रुख घोषणा गर्न लागेको हो।

भारतले 'वर'लाई राष्ट्रिय रुख घोषणा गरेको छ। त्यस्तै, अमेरिकाले ओक रुख, चिनले जिङ्गो, बंगलादेशले आँप, पाकिस्तानले देवदार, बेलायतले ओक रुखलाई राष्ट्रिय रुख घोषणा गरेका छन्।

भारतका राज्य सरकार हरूले पनि प्रदेश रुख घोषणा गरेका छन्। भारतको आन्ध्र प्रदेशले निम, अरुणाचलले हाँलोग, असमले हाँलोग, बिहारले र हरियाणाले पिपल, उत्तर प्रदेशले अशोक, पश्चिम बंगालले चितौन, पञ्जाबले सिसो, राजस्थानले खजुरलाई प्रदेश ब्रान्ड रुख घोषणा गरेका छन्।

## प्रधानमन्त्री जनकपुरधाम आउँदै



**टुडे समाचारदाता**

जनकपुरधाम। प्रधानमन्त्री केपी शर्मा ओली मंगलबार बिहान जनकपुरधामस्थित राजर्षि जनक विश्व विद्यालयको पहिलो दीक्षान्त समारोहमा सहभागी हुन आउने कार्यक्रम रहेको छ।

जनकपुरधाममा मंगलबार महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक भवनमा आयोजना हुने दीक्षान्त समारोहको सम्पूर्ण तयारी पूरा भइसकेको विश्व विद्यालयका उपप्रशासक सन्तोष कुमार अर्यालले जानकारी दिए।

राजर्षि जनक विश्व विद्यालय स्थापना भएपछिको पहिलो दीक्षान्त समारोहमा ४ वटा संकायका स्नातक तथा स्नातकोत्तर तह पूरा गरेका १ सय १४ जना विद्यार्थीहरू दीक्षित हुन लागेको विश्वविद्यालयले जनाइएको छ। दीक्षान्त समारोहमा प्रधानमन्त्री ओलीले स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण गरेका विद्यार्थीहरूलाई दीक्षित हुने कार्यक्रम रहेको छ।

# बजेट अभावमा रेलमार्ग निर्माणको काम अधुरै

**टुडे समाचारदाता**

बर्दिवास । राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत पर्ने पूर्वपश्चिम विद्युतीय रेलमार्ग निर्माणको काम बजेट अभावमा अधुरै रहेको छ। रेलमार्गको अहिलेसम्म महोत्तरीको बर्दिवासदेखि रौतहटको चौँचासम्मको ६९ किलोमिटर क्षेत्रमा ट्र्याक निर्माणका लागि ठेक्का लागेको जनाइएको छ।

सो खण्डको ६९ किलोमिटरमध्ये महोत्तरी, सर्लाही र रौतहट गरी तीनै जिल्लाका विभिन्न स्थानमा एक किलोमिटर ३०० मिटरजति क्षेत्रमा ऐलानी जग्गा र मुआब्जाको विषयमा विवाद हुँदा काम अघि बढ्न सकेको छैन। रेल योजना कार्यालय लालबन्दीका प्रमुख किरण कार्कीले यो वर्ष रेलमार्ग निर्माणका लागि अत्यन्त कम बजेट प्राप्त भएकाले काम गर्नै नसकिएको जानकारी दिए।

रेलमार्गको काम गर्न चालू आर्थिक वर्ष २०८१/८२ मा ३३ करोड रुपैयाँ बजेट मात्र प्राप्त भएकोमा सबै बजेट खर्च भइसकेको जनाइएको छ। निर्माण व्यवसायीलाई गत वर्षकै तिर्न बाँकी रहेको रकम र यो वर्ष भएका केही कामको भुक्तानी भएर बजेट सकिएकाले थप काम अघि बढ्न नसकेको कार्कीले बताए।

काम गर्न बजेट अभाव रहेको सम्वन्धमा विभाग र मन्त्रालयसँग बारम्बार हारगुहार गरिरहेको कार्यालय प्रमुख कार्कीले बताए। उनले भने, "निर्माण व्यवसायीले अघिल्लो वर्षदेखिकै भुक्तानी बाँकी छ तर यो वर्ष बजेट निकै कम अयो, भएको पनि भुक्तानी गरेर सकिएको छ।"



निर्माण व्यवसायीले अघिल्ला वर्षकै भुक्तानीका लागि ताकेता गरिरहेकाले थप काम गराउन नसकेको रेल योजना कार्यालय लालबन्दीका प्रमुख कार्कीले बताए।

कार्कीले निर्माण व्यवसायीलाई पुरानो केही रकम उपलब्ध गराउन पाए सम्झाइ बुझाइ थप काममा लगाउन सक्ने अवस्था रहेको तर मन्त्रालयबाट बजेट निकासा हुनेबारे अत्तोपत्तो नहुँदा अन्यौलमा परेको बताए।

लालपुर्जा नरहेको सर्लाही र रौतहटको विभिन्न स्थानको जग्गालाई के गर्ने भन्ने निर्णय मन्त्रिपरिषदबाटै गर्नुपर्ने अवस्था देखिएको छ । विद्युतीय रेलमार्गअन्तर्गत महोत्तरीको बर्दीवासदेखि सर्लाहीको फूलजोरसम्म २०७० साल र फूलजोरदेखि रौतहटको चौँचासम्म २०७५ सालतिरै ठेक्का लिएर विभिन्न निर्माण कम्पनीले काम गरेका छन्।

पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माणका लागि सन्तोषि कन्टेक्ट, लुम्बिनी एपेक्स, रौतहट हिन्दुङ थोकर, गोल्डेन बिरुवालगायतका निर्माण व्यवसायीले ठेक्का पाएका छन्। यी सबै निर्माण व्यवसायी पुरानो कामकै भुक्तानी नपाएर हैरान छन्।

रेल योजना कार्यालय लालबन्दीका अनुसार पहिलो चरणमा ग्राभेल भर्ने, बेस निर्माण गर्ने र पुल, पुलेसाको काम गर्नुपर्ने सम्झौता निर्माण व्यवसायीसँग भएको छ। विवाद भएको ठाउँ छाडेर काम गर्दा पनि बर्दीवासदेखि चौँचासम्म ट्र्याक निर्माणको काम ९० प्रतिशतभन्दा बढी भइसकेको र चौँचादेखि बाराको निजगढसम्मको खण्डमा ठेक्का लाग्न बाँकी रहेको रेल योजना कार्यालय लालबन्दीले जनाएको छ।

बजेटको अभाव, निर्माण सामग्रीको अभाव र जग्गाको विवादका कारण चालू आर्थिक वर्षमा पूर्वपश्चिम विद्युतीय रेलमार्गको काम ठप्प नै रहने अवस्था देखिएको छ । सर्लाहीको हरिवनस्थित घुर्कौली क्षेत्रका स्थानीयले जग्गाको मुआब्जा निकै कम भएको भन्दै मुआब्जाबापतको रकम बुझ्नै मानेका छैनन्।

हरिवन नगरपालिका-५ स्थित घुर्कौलीका वडाध्यक्ष नागेन्द्रकुमार साहले मुआब्जाको समस्या समाधान गर्न १० पटकभन्दा बढी छलफल गरे पनि ठोस निष्कर्ष निस्कन नसकेको बताए। नक्सामा जग्गा एउटाको र जग्गा भोगचलन गर्ने व्यक्ति अर्कै रहेकाले मुआब्जा कस्ले लिने भन्ने विवाद प्रमुख रुपमा देखा परेको वडाध्यक्ष साहले बताए।

उनले मुआब्जा पनि असाध्य कम निर्धारण गरिएकाले समस्या परिररहेको बताए । जिल्ला मुआब्जा निर्धारण समितिका संयोजक एवम् सर्लाहीका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले घुर्कौली क्षेत्रको हकमा ९५ प्रतिसत किसानले मुआब्जा लिइसकेकाले बाँकी पाँच प्रतिशतले मात्रै मुआब्जाको रकम वृद्धि गर्नुपर्ने माग गर्न उचित नहुने बताए। उनले निर्माण कार्यमा अवरोध नहुने गरी सहमतीको बाटो खोज्न रेल योजना कार्यालयलाई भनिएको बताए।

प्रमुख जिल्ला अधिकारी श्रेष्ठले मुआब्जाकै कारण रेलमार्ग निर्माणमा समस्या उत्पन्न हुन नदिन छलफल तथा समन्वय गरिरहेको बताए।

महोत्तरीको बर्दिवासदेखि रौतहटको चौँचासम्मको खण्डमा नै रेलमार्गको ट्र्याक निर्माणमा अनेक समस्या उत्पन्न हुँदा चौँचादेखि बाराको निजगढस्थित तराई-काठमाण्डु द्रुतमार्गको प्वाइन्टसम्मको खण्डमा काम अघि बढाउने रेल योजना कार्यालयको प्रयास असफल भएको छ।

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०२/२७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

### तपसिल

<table>
<tr><th>क्र.सं.</th><th colspan="2">ऋणीको विवरण</th></tr>
<tr><td rowspan="5">१.</td><td colspan="2">नाम : जय एन.एस.रियल स्टेट प्रा.लि.<br>दर्ता कार्यालय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. : २६७०९८/०७८/०७९, दर्ता मिति : २०७८/०४/२२<br>कार्यालय ठेगाना : लालबन्दि - १७, सर्लाही<br>संचालक तथा शेयरधनी : राकेश थापा, शाखा कार्यालय : लालबन्दी</td></tr>
<tr><td colspan="2">व्यक्तिगत जमानत दिनेको विवरण</td></tr>
<tr><td>१. नाम : राकेश थापा<br>बाबुको नाम : शंकर वहादुर थापा<br>बाजेको नाम : मदन बहादुर थापा<br>ठेगाना : रानिगंज - ५, सर्लाही<br>हाल : लालबन्दि - १७, सर्लाही<br>ना.प्र.प.नं. : ७८२३०९२८<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६३/०३/०५</td><td>२. नाम : निशाना पाण्डे<br>पतिको नाम : राकेश थापा<br>ससुराको नाम: शंकर वहादुर थापा<br>ठेगाना : मधुमल्ला - ६, मोरङ<br>हाल : लालबन्दि - १७, सर्लाही<br>ना.प्र.प.नं. : ०५२०४३/११६९२<br>जि.प्र.का. मोरङ<br>जारी मिति : २०६८/०२/३०</td></tr>
<tr><td colspan="2">धितोको विवरण</td></tr>
<tr><td colspan="2">जय एन.एस.रियल स्टेट प्रा.लि. को नाममा मालपोत कार्यालय हरिवनमा दर्ता रहेको जब्दि - ९ झ, सर्लाही स्थित कित्ता नं. १५४७ र २६० को क्षेत्रफल क्रमश: ०-०-३-० र १-०-०-० को जग्गा, सोमा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।</td></tr>
</table>

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ। लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ। साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ असार २ गते सोमबार कार्यालय समय सम्म।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ असार ३ गते मंगलबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

# कम्प्युटर चोरीको आरोपमा ३ जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको कटहरिया नगरपालिका- १ स्थित मावि भासेढवाको कम्प्युटर चोरी गरेको आरोपमा ३ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा कटहरिया- १ स्थित भासेढवाका बिगन दासको छोरा बर्ष २७ को मुकेश दास, सोही ठाउँका जयमङल दासको छोरा बर्ष १८ को राधेश्याम दास र बिजय दासका छोरा १८ वर्षीय राजु दास रहेको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले बताए।

उनीहरू इलाका प्रहरी कार्यालय गरुडाले नियन्त्रणमा लिएर चोरी शिर्षक मुद्धामा म्याद थप भै अनुसन्धान भइरहेको डिएसपी कार्कीले बताए।




गत शनिबार राति मावि भसेडवाको दोस्रो तल्लामा रहेको लेखा शाखाको गेटको ताल्चा फुटाइ डेल कम्पनीको कम्प्युटर सेट थान १ चोरी गरी लगेको थियो। चोरीको अनुसन्धान गर्दै जाँदा घटनाको अर्कोदिन आइतबार साँझ प्रहरीले आरोपी मध्येका राजु दासको घरमा छापा मारेको थियो। छापामारको क्रममा बिद्यालय बाट अहिले चोरी भएको सबै सामग्रीको साथै विद्यालयमा पहिले चोरी भएको केही सामान समेत बरामद गरिएको रौतहट प्रहरीले जनाएको छ।

मावि भासेढवामा यसभन्दा अगाडि दुई पटक चोरी भएको थियो । २०७७ साल र २०८१ सालमा विद्यालयको कम्प्युटर लगायतको सामग्री चोरी भएको प्रधानाध्यापक राम मंगल यादवले बताए। विद्यालयको छेउमै घर भएको आरोपीहरुले विद्यालयमा यस अघि पटक पटक चोरी गरेको अनुसन्धान बाट खुलेको ईलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ।

रौतहटको सामुदायिक विद्यालयमा चोरीको घटना हुँदा राजनीतिक दबाब देखि अनेकन प्रभाव परेको कारण भित्र भित्रै मिलाउने परम्पराको कारण चोरको मनोबल उच्च भएको छ।

# सत्तारुढ एमालेकै सांसदद्वारा प्रदेश सरकारको विरोध

**टुडे समाचारदाता**



जनकपुरधाम ।सत्तारुढ नेकपा एमालेका प्रदेश सांसद लखन दासले प्रदेश सरकारमा रहेर आफ्नै प्रदेश सरकारको विरुद्धमा बोलेका छन्।

प्रदेशसभाको बैठकमा सोमबार उनले ठेकेदार र बिचौलियामार्फत योजना छनोट भइरहेकोमा आपत्ति जनाए।

प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रममा भइरहेको छलफलमा भाग लिँदै सांसद दासले योजना तथा कार्यक्रम प्रभावकारी ढंगले नगर्नु सरकारको गम्भीर कमजोरी रहेको औंल्याए।

सांसद दासले भने, 'अहिले बजेटको समय छ। बाहिरका ठेकेदार र बिचौलियामार्फत योजना छनोट भइरहेको छ। यो बजारमा हल्ला छ। मेरो निवेदन छ, सरकारले यस्तो बदनामी नगर्नुस्।'

उनले योजना तथा कार्यक्रमको छनोट जनप्रतिनिधिमार्फत गर्न सरकारलाई सुझाए । समयमा पुँजीगत खर्च नहुने गरेको बताए।

# अवैध उत्खननमा संलग्न ट्रैक्टरलाई जरिवाना

**टुडे समाचारदाता**

रौतहट । नदीजन्य पदार्थको अवैध चोरी कार्यमा संलग्न तीन वटा ट्रैक्टरलाई कारवाही र दण्ड जरिवाना गरिएको छ।

रौतहटको गुजरा नगरपालिका-४ मा रहेको लालबकैया खोलामा अवैध रुपमा बालुवा उत्खनन कार्यमा संलग्न तीन वटा ट्रैक्टर नियन्त्रणमा लिइ नदिजन्य सामग्री जफत गरी १० हजार रुपैयाँका दरले जरिवाना गराइएको छ।

जिल्ला समन्वय समिति रौतहटका जिल्ला समन्वय अधिकारी अमितकुमार यादवले आगामी दिनमा यस्तो कार्य नगर्न सचेत गराइएको जानकारी दिए।

लालबकैया खोलामा अवैध उत्खनन गरी नदीजन्य पदार्थ लोड गरिरहेको अवस्थामा ना २ त ३५५९, ना ६ त ८५४६ र ना ६ त ९३२ नम्बरको ट्रैक्टरलाई सशस्त्र प्रहरी बल नेपाल फर्वाड सुरक्षा बेस जंगल सहिया रौतहटको टोलीले नियन्त्रणमा लिइ आवश्यक कारबाहीका लागि आइतवार जिल्ला समन्वय समिति रौतहटको जिम्मा लगाएको थियो।

जिल्ला समन्वय समिति रौतहटका जिल्ला समन्वय अधिकारी यादवले उक्त कार्य ढुंगा गिट्टी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड (पहिलो संशोधन) २०७९ तथा रौतहट जिल्लाको ढुंगा गिट्टी बालुवा उत्खनन संकलन तथा बिक्री प्रक्रियाको अनुगमन नियमनसम्बन्धी कार्यविधि २०७७ विपरीत देखिएकाले नियन्त्रणमा लिइएको बताए । यसका साथै ट्रैक्टरमा भएको नदीजन्य सामग्री गुजरा नगरपालिकाले प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी स्थानिय संचित कोषमा आम्दानी जनाउने तथा ट्र्याक्टरहरुलाई जरिवाना गरी सचेत गराउने निर्णय भएको उनले बताए।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८